# नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ साउन २० गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | तथ्याङ्क (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत पदमा श्री याङकी उक्याव, काठमाडौंलाई नियुक्ति गर्ने। |
| ३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपाल ट्रष्टको सञ्चालक समितिको सदस्य पदमा श्री ध्रुब चालिसे, पाल्पालाई नियुक्ति गर्ने। |
| ४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल इन्टरमोडल यातायात विकास समिति गठन आदेश, २०५४ खारेज गर्ने र नेपाल इन्टरमोडल यातायात विकास समितिलाई नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडसँग गाभ्न स्वीकृति दिने। |
| ५ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल आयल निगम लिमिटेडको कार्यकारी निर्देशक पदमा श्री नागेन्द्र साह, धनुषालाई नियुक्ति गर्ने। |
| ६ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | एशियाली विधायिकी संस्थाहरूको परिषद्को सदस्यता प्राप्त गर्नेसम्बन्धी समझदारीपत्र प्रतिनिधि सभामा पेस गर्न स्वीकृति प्रदान गर्ने। |
| ७ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | पशु वधशाला र मासु जाँच ऐन, २०५५ चरणवद्ध रूपमा नेपाल राज्यभर लागु गर्ने। |
| ८ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | कृषि, पशुपन्छी तथा जडिबुटी बीमाको प्रिमियममा बीमाङ्क रकम एक करोड रुपियाँ सम्म ८० प्रतिशत र एक करोड रुपियाँ भन्दा बढीमा ५० प्रतिशत अनुदान कायम गर्ने। |
| ९ | पूर्वाधार विकास मन्त्रालय | उच्च अदालत पाटनको आदेशबमोजिम काठमाडौं चक्रपथ सुधार योजनालाई काठमाडौं महानगरपालिका वडा नं १५ को करिब २०८.६६ व.मि. निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने। |
| १० | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल सरकारको नाममा रहेको कालिकोट जिल्ला, साविक मान्म गा.वि.स. वडा नं. ५ को १०,००० वर्गमीटर जग्गा आयुर्वेद स्वास्थ्य केन्द्रको भवन निर्माण गर्नको लागि उपयोग गर्न स्वीकृति दिने। |
| ११ | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | बालबालिका सम्बन्धी (पहिलो संशोधन) विधेयक २०८३ सङ्घीय संसदसमक्ष पेस गर्न स्वीकृति प्रदान गर्ने। |
| १२ | रक्षा मन्त्रालय | नेपाली सेनाका दुई जना महासेनानीको पदावधि थप गर्ने। |

<table>
<tr><td>१३</td><td>रक्षा मन्त्रालय</td><td>२०८३ भदौ १ देखि ८ गतेसम्म मित्रराष्ट्र चीनस्थित M/S North Industries Corporation (NORINCO) भ्रमणमा नेपाली सेनाका उपरथीलाई सहभागी हुन स्वीकृति दिने।</td></tr>
<tr><td>१४</td><td>रक्षा मन्त्रालय</td><td>नेपाली सेनाका पाँच जना सहायक रथीहरू र एक जना महासेनानीको सरुवा गर्ने।</td></tr>
<tr><td>१५</td><td>रक्षा मन्त्रालय</td><td>२०८३ असोज ५ देखि ८ गतेसम्म न्यूजिल्याण्डको अकल्याण्डमा आयोजना हुने 50th Annual Indo-Pacific Armies Management Seminar (IPAMS 26) मा नेपाली सेनाका रथीलाई सहभागी हुन स्वीकृति दिने।</td></tr>
<tr><td>१६</td><td>रक्षा मन्त्रालय</td><td>काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना २०८६ चैत मसान्तसम्म सम्पन्न गर्ने।</td></tr>
<tr><td>१७</td><td>शिक्षा तथा खेलकुद मन्त्रालय</td><td>विश्वविद्यालय अनुदान आयोगको रिक्त अध्यक्ष पदमा प्रा. डा. खड्ग बहादुर के. सी., पर्वत र सचिव पदमा प्रा. डा. रोजी श्रेष्ठ, भोजपुरलाई नियुक्ति गर्ने।</td></tr>
<tr><td>१८</td><td>स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय</td><td>नेपाल नर्सिङ्ग परिषद्को रजिष्ट्रार पदमा श्री पार्वती बिष्ट, काठमाडौंलाई नियुक्ति गर्ने।</td></tr>
<tr><td>१९</td><td>स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय</td><td>नेपाल फार्मेसी परिषद्को रजिष्ट्रार पदमा हरिश सिंह थापा, बैतडीलाई नियुक्ति गर्ने।</td></tr>
<tr><td>२०</td><td colspan="2">निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका तीन जना सहसचिवको सरूवा गर्ने।</td></tr>
<tr><td>२१</td><td colspan="2">गणेश नेपालीले आत्मदाह गरेको घटनाको छानबिन गर्न उच्च अदालतका पूर्वन्यायाधीश श्री केशवप्रसाद बास्तोलाको संयोजकत्वमा गठित न्यायिक समितिले पेश गरेको प्रतिवेदन कार्यान्वयनको लागि गृह मन्त्रालयमा पठाउने।</td></tr>
<tr><td>२२</td><td colspan="2">सुनसरी र सिराहा जिल्लामा भएको प्रदर्शनका क्रममा मृत्यु हुने र घाइतेहहरूलाई क्षतिपूर्ति/राहत र उपचारको व्यवस्था गर्ने।</td></tr>
</table>

# नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ साउन २६ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सिंगापुरमा आयोजना हुने States and Investment Disputes-What lies ahead विषयक दोस्रो संस्करणको Chief Legal Advisors Forum मा २०८३ भदौ १० र ११ गते सहभागी हुन महान्यायाधिवक्ता डा.नारायण दत्त कडेललाई स्वीकृति प्रदान गर्ने। |
| २ | अर्थ मन्त्रालय | नेपालभित्र पैठारी वा उत्पादन हुने विद्युतबाट सञ्चालन हुने एम्बुलेन्स र शव वाहनमा लाग्ने स्वच्छ पूर्वाधार लगानी शुल्क र मूल्य अभिवृद्धि कर पूर्ण रूपमा छुट दिने। |
| ३ | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | नेपाल सरकार र गणतन्त्र भारत सरकारबिच भएको दीर्घकालीन विद्युत् व्यापार सम्झौता जानकारीका लागि प्रतिनिधि सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| ४ | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | २०८३ भदौ २२ देखि २८ गतेसम्म नर्वेमा आयोजना हुने Hydropower Works Building Sustainable, Flexible and Interconnected System विषयक कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ५ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०८२ भदौ २३ र २४ गते जेन-जी आन्दोलनको क्रममा क्षति भएको मेलमिलाप परिषद्को सवारी साधन तथा जिन्सी सामानहरू मिनाहा गर्ने। |
| ६ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति प्रदान गर्ने। |
| ७ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | रोलवालिङ्ग खोला जलविद्युत आयोजना निर्माणको लागि दोलखा जिल्लाको विगु गाउँपालिका वडा नं. १ र गौरीशंकर गाउँपालिका वडा नं. ९ स्थित गौरीशंकर संरक्षण क्षेत्रअन्तर्गत रहेको वन क्षेत्रको कूल ३८.१७१ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ८ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | २०८३ भदौ १८ र १९ गते Dili, Timor-Leste मा आयोजना हुने LDC High-Level Ministerial Meeting मा सहभागी हुन माननीय कृषि, वन तथा पर्यावरण मन्त्रीलाई स्वीकृति प्रदान गर्ने। |
| ९ | गृह मन्त्रालय | सुनसरी/सिराहा जिल्लामा भएको प्रदर्शनको क्रममा मृत्यु भएका मृतक व्यक्तिहरू सुनसरी जिल्लाका ओम प्रकाश मेहता, जय प्रकाश मेहता, रविन्द्र कुमार मेहता र सिराहा जिल्लाका गनेश कुमार यादवलाई सहिद घोषणा गर्ने। |
| १० | परराष्ट्र मन्त्रालय | पोर्चुगल सरकारलाई काठमाडौंमा कन्सुलर कार्यालय (Consular Office) खोल्न सहमति दिने। |

| | | |
|---|---|---|
| ११ | परराष्ट्र मन्त्रालय | २०८३ भदौ १५ र १६ मा सर्बियाको बेलग्रेडमा आयोजना हुने Commemorative High-level Meeting मा सहभागी हुन माननीय परराष्ट्र मन्त्री नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने। |
| १२ | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | राष्ट्रिय बाल अधिकार परिषद्लाई कायम राख्न स्वीकृति दिने। |
| १३ | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई कायम राख्न स्वीकृति दिने। |
| १४ | युवा, श्रम तथा रोजगार मन्त्रालय | वैदेशिक रोजगार बोर्डको कार्यकारी निर्देशक पदमा श्री निर्मलकुमार उप्रेती, बारालाई नियुक्ति गर्ने। |
| १५ | युवा, श्रम तथा रोजगार मन्त्रालय | युवा, श्रम तथा रोजगार मन्त्रालयअन्तर्गत स्थानीय तहमा रहेका रोजगार, सीप तथा उद्यमशीलता केन्द्र लागयतका निकायहरूको लागि आ.व २०८३/८४ मा आवश्यक पर्ने अधिकृतस्तरका ७३७ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १६ | रक्षा मन्त्रालय | नेपाली सेनाका एक जना सहायक रथीको उपरथी दर्जामा बढुवा गर्ने। |
| १७ | रक्षा मन्त्रालय | नेपाली सेनाका एक जना प्रमुख सेनानीको महासेनानी दर्जामा बढुवा गर्ने। |
| १८ | रक्षा मन्त्रालय | २०८३ भदौ ७ देखि ११ गतेसम्म United Nations Multidimensional Integrated Stabilization Mission in the Central African Republic (MINUSCA) मिसन, Central African Republic (CAR) मा तैनाथ शान्ति सेना युनिटहरूको निरीक्षण भ्रमण गर्न नेपाली सेनाका रथीलाई स्वीकृति दिने। |
| १९ | शिक्षा तथा खेलकुद मन्त्रालय | नेपाल शिक्षा सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिवको राजीनामा स्वीकृत गर्ने। |
| २० | अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव श्री डिल्लीराम शर्मा सेवा अवधिका कारण २०८३।०५।०३ देखि अनिवार्य अवकाश हुने हुँदा उहाँलाई अवकाशको जानकारी एवं धन्यवाद दिने। | |
| २१ | सूचना तथा सञ्चार मन्त्रालयका सचिव डा. कमल प्रसाद पोखेल (शर्मा) र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (अतिरिक्त समूह) का सचिव श्री बाबुराम अधिकारीले दिनु भएको राजीनामा स्वीकृत गर्ने। | |
| २२ | पूर्वमहालेखापरीक्षक श्री टंकमणि शर्मा दङ्गालको संयोजकत्वमा गठित एनसेलको शेयर खरिद बिक्रीसम्बन्धी अध्ययन तथा छानबिन प्रतिवेदन, २०८० सार्वजनिक गर्ने। | |